नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## <u>प्राकृतिक व्यक्तिको लागि लागू हुने करको दर (आय वर्ष २०७८/७९ को लागि)</u>

| एकल व्यक्ति | दम्पती | करको दर |
|---|---|---|
| **रोजगारीको आय मात्र हुनेको लागि** | | |
| रू.४,००,०००/- सम्म करयोग्य आय भएमा | रू.४,५०,०००/- सम्म करयोग्य आय भएमा | करयोग्य आयको १ प्रतिशतका दरले* |
| रू.४,००,०००।- भन्दा बढी तर रू.५,००,०००/- सम्म करयोग्य आय भएमा | रू.४,५०,०००/- भन्दा बढी तर रू.५,५०,०००/- सम्म करयोग्य आय भएमा | <u>एकल व्यक्तिको हकमा</u><br>रू.४,०००/-र रू.४,००,०००/- देखि रू.५,००,०००/- सम्मको रकममा १० प्रतिशतका दरले<br><u>दम्पतीको हकमा</u><br>रू.४,५००/- र रू.४,५०,०००/- देखि रू.५,५०,०००/- सम्मको रकममा १० प्रतिशतका दरले |
| रू.५,००,०००/- भन्दा बढी तर रू.७,००,०००/- सम्म करयोग्य आय भएमा | रू.५,५०,०००/- भन्दा बढी तर रू.७,५०,०००/- सम्म करयोग्य आय भएमा | <u>एकल व्यक्तिको हकमा</u><br>रू.१४,०००/- र रू.५,००,०००/- देखि रू.७,००,०००/- सम्मको रकममा २० प्रतिशतका दरले<br><u>दम्पतीको हकमा</u><br>रू.१४,५००/- र रू.५,५०,०००/- देखि रू.७,५०,०००/- सम्मको रकममा २० प्रतिशतका दरले |
| रू.७,००,०००/- भन्दा बढी तर रू.२०,००,०००/- सम्म करयोग्य आय भएमा | रू.७,५०,०००/- भन्दा बढी तर रू.२०,००,०००/- सम्म करयोग्य आय भएमा | <u>एकल व्यक्तिको हकमा</u><br>रू.५४,०००/- र रू.७,००,०००/- देखि रू.२०,००,०००/- सम्मको रकममा ३० प्रतिशतका दरले<br><u>दम्पतीको हकमा</u><br>रू.५४,५००/- र रू.७,५०,०००/- देखि रू.२०,००,०००/- सम्मको रकममा ३० प्रतिशतका दरले |
| रू.२०,००,०००/- भन्दा बढी करयोग्य आय भएमा | रू.२०,००,०००/- भन्दा बढी करयोग्य आय भएमा | <u>एकल व्यक्तिको हकमा</u><br>रू.४,४४,०००/- र रू.२०,००,०००/- भन्दा बढी रकममा ३६ प्रतिशतका दरले |

| | | |
|---|---|---|
| | | <u>**दम्पतीको हकमा**</u><br>रू.४,२९,५००/- र रू.२०,००,०००/- भन्दा बढी रकममा ३६ प्रतिशतका दरले |
| **एकलौटी फर्मको रुपमा व्यवसाय मात्र हुनेको लागि** | | |
| रू.४,००,०००/-सम्म करयोग्य आय भएमा | रू.४,५०,०००/-सम्म करयोग्य आय भएमा | कर नलाग्ने |
| रू.४,००,०००/- भन्दा बढी तर रू.५,००,०००/- सम्म करयोग्य आय भएमा | रू.४,५०,०००/- भन्दा बढी तर रू.५,५०,०००/- सम्म करयोग्य आय भएमा | <u>**एकल व्यक्तिको हकमा**</u><br>रू.४,००,०००/- देखि रू.५,००,०००/- सम्मको रकममा १० प्रतिशतका दरले<br><u>**दम्पतीको हकमा**</u><br>रू.४,५०,०००/- देखि रू.५,५०,०००/- सम्मको रकममा १० प्रतिशतका दरले |
| रू.५,००,०००/- भन्दा बढी तर रू.७,००,०००/- सम्म करयोग्य आय भएमा | रू.५,५०,०००/- भन्दा बढी तर रू.७,५०,०००/- सम्म करयोग्य आय भएमा | <u>**एकल व्यक्तिको हकमा**</u><br>रू.१०,०००/- र रू.५,००,०००/- देखि रू.७,००,०००/- सम्मको रकममा २० प्रतिशतका दरले<br><u>**दम्पतीको हकमा**</u><br>रू.१०,०००/- र रू.५,५०,०००/- देखि रू.७,५०,०००/- सम्मको रकममा २० प्रतिशतका दरले |
| रू.७,००,०००/- भन्दा बढी तर रू.२०,००,०००/- सम्म करयोग्य आय भएमा | रू.७,५०,०००/- भन्दा बढी तर रू.२०,००,०००/- सम्म करयोग्य आय भएमा | <u>**एकल व्यक्तिको हकमा**</u><br>रू.५०,०००/- र रू.७,००,०००/- देखि रू.२०,००,०००/- सम्मको रकममा ३० प्रतिशतका दरले<br><u>**दम्पतीको हकमा**</u><br>रू.५०,०००/- र रू.७,५०,०००/- देखि रू.२०,००,०००/- सम्मको रकममा ३० प्रतिशतका दरले |
| रू.२०,००,०००/- भन्दा बढी करयोग्य आय भएमा | रू.२०,००,०००/- भन्दा बढी करयोग्य आय भएमा | <u>**एकल व्यक्तिको हकमा**</u><br>रू.४,४०,०००/- र रू.२०,००,०००/- भन्दा बढी रकममा ३६ प्रतिशतका दरले<br><u>**दम्पतीको हकमा**</u><br>रू.४,२५,०००/- र रू.२०,००,०००/- भन्दा बढी रकममा ३६ प्रतिशतका दरले |

*एकलौटी फर्म दर्ता भएका करदाताको हकमा, निवृतभरण बापतको आय, निवृतभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा एक प्रतिशतको कर लाग्ने छैन । *{(अनुसूची-१ को दफा १को उपदफा (१) र (२)}*

**<u>प्राकृतिक व्यक्तिको आयमा समावेश नहुने रकम वा खर्चमा छुट हुने रकमः</u>**

**१. दुर्गम भत्ता सुविधाः**

दुर्गम क्षेत्रमा कार्यरत प्राकृतिक व्यक्तिको करयोग्य आयबाट घटाउन पाउने रकमः-

**"क" वर्गका क्षेत्रमा रू. ५०,०००/- (पचास हजार)**

**"ख" वर्गका क्षेत्रमा रू. ४०,०००/- (चालीस हजार)**

**"ग" वर्गका क्षेत्रमा रू. ३०,०००/- (तीस हजार)**

**"घ" वर्गका क्षेत्रमा रू. २०,०००/- (बीस हजार)**

**"ङ" वर्गका क्षेत्रमा रू. १०,०००/- (दश हजार)**

**२. वैदेशिक भत्तामा छुट सुविधाः**

नेपालका विदेशस्थित कुटनीतिक नियोगमा कार्यरत कर्मचारीलाई प्राप्त हुने वैदेशिक भत्ताको **पचहत्तर प्रतिशत रकम** करयोग्य आयबाट घटाउन पाउने।

**३. निवृत्तभरण आय भएको व्यक्तिले पाउनेछुट सुविधाः**

बासिन्दा प्राकृतिक व्यक्तिको निवृत्तभरण आय रहेछ भने त्यस्तो व्यक्तिले करयोग्य आयबाट निजले छुट पाउने सीमामा पच्चीस प्रतिशत रकम घटाउन पाउने।

**४. अपाङ्ग ब्यक्तिले पाउने छुट सुविधाः**

बासिन्दा प्राकृतिक व्यक्ति अपाङ्ग रहेछ भने त्यस्तो व्यक्तिले करयोग्य आयबाट निजले छुट पाउने सीमामा थप **पचास प्रतिशत थप रकम** घटाउन पाउने।

**५. लगानी बीमामा छुट सुविधाः**

बासिन्दा प्राकृतिक व्यक्तिले लगानी बीमा गरेको रहेछ भने त्यस्तो बीमा **बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा पच्चीस हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकम** करयोग्य आयबाट घटाउन पाउने।

**६. स्वास्थ्य बीमा बापत तिरेको प्रिमियमः**

बासिन्दा प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग स्वास्थ्य बीमा गरेको रहेछ भने **त्यस्तो बीमा बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा बीस हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन पाउने।**

**७. आफ्नो स्वामित्वमा रहेको निजी भवनको बीमाबापत तिरेको प्रिमियमः**

बासिन्दा प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग आफ्नो स्वामित्वमा रहेको निजी भवनको बीमा गरेको रहेछ भने **त्यस्तो बीमा बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वापाँच हजार रूपैयाँमा जुन घटी हुन्छ त्यस्तो रकम कर योग्य आयबाट** घटाउन पाउने।

**८. पारिश्रमिक आय मात्र हुने महिलालाई लाग्ने करमा छुट**

कुनै बासिन्दा प्राकृतिक व्यक्ति पारिश्रमिक आय मात्र आर्जन गर्ने महिला रहेछ भने त्यस्तो प्राकृतिक व्यक्तिले तिर्नुपर्ने कर रकममा दश प्रतिशत छुट हुनेछ।

**पूर्वानुमानित कर (Presumptive Tax) : D-01 आय विवरण पेश गर्नेको लागिः**

बासिन्दा प्राकृतिक व्यक्तिले व्यवसायबाट प्राप्त करयोग्य आय तीन लाख रुपैयाँ सम्म र व्यवसायको कारोबार बार्षिक तीस लाख रुपैयाँभन्दा बढी नभएको करदाताको हकमा देहाय अनुसार कर लाग्ने छ। *{आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४)}*

| व्यवसाय हुने क्षेत्र | कर रकम रू. |
|---|---|
| महानगरपालिका वा उपमहानगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्ति | ७,५००/- |
| नगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्ति | ४,०००/- |
| माथि उल्लिखित क्षेत्र बाहेक अन्य क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्ति | २,५००/- |

**कारोबारको आधारमा लाग्ने कर (Turnover Tax) : D-02 आय विवरण पेश गर्नेको लागिः**

बासिन्दा प्राकृतिक व्यक्तिले नेपालमा स्रोत भएको व्यवसायबाट प्राप्त आयमात्र भएको, व्यवसायबाट प्राप्त करयोग्य आय दश लाख रुपैयाँ **सम्म** र व्यवसायको कारोबार तीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँभन्दा घटी भएको र चिकित्सक, इन्जिनियर जस्ता पेशावि द्बाट प्रदान गर्ने परामर्श तथा विशेषज्ञ सेवा बापतको आय नभएको करदाताको हकमा **देहाय अनुसार खण्ड (क) र (ख) वा (क), (ख) र (ग) को जोड बमोजिमको कर दाखिला** गर्नु पर्दछ। *{आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४क)}*

**खण्ड (क) - रू. तीस लाख रुपैयाँसम्मको कारोबारमा**

| व्यवसाय हुने क्षेत्र | कर रकम रू. |
|---|---|
| महानगरपालिका वा उपमहानगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्ति | ७,५००/- |
| नगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्ति | ४,०००/- |
| माथि उल्लिखित क्षेत्र बाहेक अन्य क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्ति | २,५००/- |

**खण्ड (ख) - रू. तीस लाख रुपैयाँभन्दा बढी रू. पचास लाख रुपैयाँसम्मको कारोबारमा**

| व्यवसायको प्रकार | कर दर |
|---|---|
| ग्याँस, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन वा मूल्य थप गरी वस्तुको कारोबार गर्ने व्यक्तिलाई तीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म कारोबार रकमको, | ०.२५ प्रतिशत |
| माथि उल्लिखित व्यवसाय बाहेकको व्यवसाय गर्ने व्यक्तिलाई तीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म कारोबार रकमको, | १ प्रतिशत |
| सेवा व्यवसाय गर्ने व्यक्तिलाई तीस लाख रुपैयाँभन्दा बढी रू. पचास लाख रुपैयाँसम्मको कारोबार रकमको, | २ प्रतिशत |

**खण्ड (ग) - रू. पचास लाख रुपैयाँभन्दा बढी रू. एक करोड रुपैयाँसम्मको कारोबारमा**

| व्यवसायको प्रकार | कर दर |
|---|---|
| ग्याँस, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन वा मूल्य थप गरी वस्तुको कारोबार गर्ने व्यक्तिलाई पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म कारोबार रकमको, | ०.३ प्रतिशत |
| माथि उल्लिखित व्यवसाय बा हेकको व्यवसाय गर्ने व्यक्तिलाई पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म कारोबार रकमको, | ०.८ प्रतिशत |
| सेवा व्यवसाय गर्ने व्यक्तिलाई पचास लाख रुपैयाँभन्दा बढी रू. एक करोड रुपैयाँसम्मको कारोबार रकमको, | २ प्रतिशत |

**कारोबारको आधारमा कर (Turnover Tax- TOT) तिर्ने व्यक्तिले देहाय बमोजिम दुई किस्तामा कर दाखिला गर्नुपर्ने व्यवस्था ऐनको दफा ९४ को उपदफा (१क) मा रहेको छ।**

| दाखिला गर्नुपर्ने मिति | दाखिला गर्नुपर्ने कर रकम |
|---|---|
| पुस महिनाको अन्त्यसम्म | पुस २० गते सम्मको कारोबारमा तोकिएको दर अनुसार लाग्ने कर। |
| असारमहिनाको अन्त्यसम्म | असार २० गते सम्मको यथार्थ कारोबारको आधारमा असार महिनाको अन्त्यसम्म हुने कारोबार अनुमान गरी तोकिएको दर अनुसार लाग्ने करको गणना गरी सो कर रकमबाट पुस मसान्तभित्र दाखिला गरेको कर घटाई हुन आउने कर रकम। |

****